**आकाशवाणी समाचार- नेपाली**

मितिः ६ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी मंगलबार मौरिससको दुई दिने भ्रमणका लागि प्रस्थान गर्दै हुनुहुन्छ। प्रधानमन्त्री नरेन्द्र मोदी मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथि हुनु हुनेछ।

२. संसदको बजेट सत्रको दोस्रो चरण भोलिदेखि सुरु हुनेछ र ४ अप्रेलसम्म जारी रहनेछ।

३. श्रम मन्त्रालयले अनलाइन प्लेटफर्म प्रयोग गर्ने कुनै पनि संस्थासँग काम गर्ने श्रमिकहरूलाई **आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना-एबीपीएमजेवाई**को फाइदा लिन ई-श्रम पोर्टलमा आफूलाई दर्ता गर्न अनुरोध गरेको छ।

४. दिल्ली सरकारले गरिब महिलाहरूलाई २५०० रुपियाँ दिने महिला समृद्धि योजनालाई अनुमोदन गरेको छ।

५. दुबईमा जारी आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटको फाइनलमा आज भारतले न्युजिल्याण्डको सामना गर्दैछ। यो खेल भारतीय समय अनुसार दिउँसो २:३० बजे शुरु हुनेछ।

**मौरिससका प्रधानमन्त्री-विदेशमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदी मंगलबार मौरिससको दुई दिने भ्रमणका लागि प्रस्थान गर्दै हुनुहुन्छ। हिजो साँझ नयाँ दिल्लीमा मिडियासँग कुरा गर्दै विदेश सचिव विक्रम मिश्रीले २०१५ पछि प्रधानमन्त्री मोदीको यो पहिलो मौरिसस भ्रमण हुने बताउनु भएको छ। उहाँले भन्नु भयो, भारतको मौरिसससँगको सम्बन्ध शताब्दीयौं पुरानो छ र साझा इतिहास, संस्कृति र जनता-जनताको सम्बन्धमार्फत जोडिएको छ। श्री मिश्रीले भन्नु भयो, मौरिसस हिन्द महासागरमा भारतको एक महत्वपूर्ण साझेदार र नजिकको समुद्री साझेदार हो। उहाँले भन्नु भयो, २०१५ मा, प्रधानमन्त्रीले यस क्षेत्रमा सबैका लागि सुरक्षा र विकास - सागर कार्यक्रमको परिकल्पना गर्नुभएको थियो, जसमा हिन्द महासागर क्षेत्रमा भारतको महत्त्वपूर्ण भूमिका छ। विदेश सचिवले भन्नु भयो, भारतको मौरिसससँग बलियो सम्बन्ध छ र विगत दशकहरूमा यी सम्बन्धहरू उल्लेखनीय रूपमा बलियो भएका छन्। उहाँले भन्नु भयो, प्रधानमन्त्रीको भ्रमणले दुवै देशलाई साझेदारीको समीक्षा र सुदृढीकरण गर्ने अवसर प्रदान गर्नेछ।प्रधानमन्त्री नरेन्द्र मोदी मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथि हुनु हुनेछ। यस कार्यक्रममा भारतीय सुरक्षा बलको एक टोली, भारतीय नौसेना जहाज र वायुसेनाको आकाश गंगा स्काइडाइभिङ टोलीले पनि भाग लिनेछन्। प्रधानमन्त्री मंगलबार बिहान पोर्ट लुइस पुग्नु हुनेछ र उहाँलाई औपचारिक स्वागत गरिनेछ। श्री मिश्रीले भन्नु भयो, प्रधानमन्त्रीले मौरिससका पूर्व प्रधानमन्त्री शिव सागर राम गुलाम र पूर्व राष्ट्रपति अनिरुद्ध जगन्नाथलाई श्रद्धाञ्जली अर्पण गर्न शिव सागर राम गुलाम बोटानिकल गार्डेनको भ्रमण गर्नुहुनेछ।

****** ० ******

**संसद - बजेट अधिवेशन**

संसदको बजेट सत्रको दोस्रो चरण भोलिदेखि सुरु हुनेछ र ४ अप्रेलसम्म जारी रहनेछ। यस अवधि सदनका २० वटा बैठक हुनेछन् र २०२४-२५ को लागि अनुदान र विनियोजन विधेयकको मागमाथि छलफल र मतदान हुनेछ। यसबाहेक बैंकिंग कानून (संशोधन) विधेयक, तटीय नौवहन विधेयक-2024, त्रिभुवन सहकारी विश्वविद्यालय विधयेक, आप्रवासन र विदेशी विधेयक-2025 तथा रेलवे (संशोधन) विधेयकसहित धेरै विधायिकी कार्यहरूमाथि छलफल र पारित गरिनेछ।बजेट सत्रको पहिलो सत्र ३१ जनवरीदेखि १३ फरवरीसम्म चलेको थियो। राष्ट्रपति द्रौपदी मुर्मुले संसदका दुवै सदनलाई सम्बोधन गर्नुभयो र अर्थमन्त्री निर्मला सीतारमणले केन्द्रीय बजेट प्रस्तुत गर्नुभयो। पहिलो चरणमा लोकसभामा ११२ प्रतिशत काम भएको थियो।

****** ० ******

**बिरला - महिला दिवस**

लोकसभाका अध्यक्ष ओम बिर्लाले भारतले एउटा नयाँ युगको साक्षी बन्दै गएको बताउनु भएको छ जहाँ महिलाहरूले तल्लो तहको लोकतन्त्रदेखि शक्तिको उच्च पदसम्म हरेक तहमा नेतृत्वदायी भूमिका खेलिरहेका छन्। अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा संसद भवनमा आयोजित कार्यक्रममा बोल्दै श्री बिर्लाले देशले भारतीय संविधानको ७५ वर्ष मनाउँदै गर्दा संविधान सभाका १५ महिला सदस्यहरूको अपार योगदानलाई मान्यता दिनु महत्त्वपूर्ण रहेकोमा जोड दिनुभयो।लोकसभा अध्यक्षले आफ्नो दृष्टिकोण र समर्पणले भारतको लोकतान्त्रिक संरचनालाई आकार दिन मद्दत गरेको, लैङ्गिक समानता, समावेशी शासन र महिला सशक्तिकरणको जग बसाल्ने कुरामा जोड दिनु भयो। उहाँले भन्नु भयो, अन्तर्राष्ट्रिय महिला दिवस समाज र राष्ट्रको लागि 'मातृ शक्ति' को अतुलनीय सेवाको लागि कृतज्ञता व्यक्त गर्ने अवसर हो।यस अवसरमा लोकसभा अध्यक्षले संसद भवन परिसरमा संविधानसभाका महिला सदस्यहरूमाथिको प्रदर्शनीको पनि उद्घाटन गर्नुभयो। यो प्रदर्शनी भारतको संविधानको ७५ वर्ष पूरा भएको उपलक्ष्यमा आयोजना गरिएको हो र यसको उद्देश्य यी १५ महिला सदस्यहरूको महत्वपूर्ण योगदानको बारेमा जनचेतना जगाएर जनतालाई संलग्न गराउनु र संविधान निर्माणमा उनीहरूको अमूल्य भूमिकालाई उजागर गर्नु हो।भ्रमणको क्रममा प्रधानमन्त्रीले मौरिससका राष्ट्रपति धर्मवीर गोखुललाई भेट्नु हुनेछ, प्रधानमन्त्री नवीन चन्द्र राम गुलामसँग छलफल गर्नुहुनेछ र वरिष्ठ नेताहरूसँग अन्तरक्रिया गर्नुहुनेछ।

****** ० ******

**जितेन्द्र सिंह - महिला दिवस**

केन्द्रीय मन्त्री डा जितेन्द्र सिंहले हिजो महिलाहरू सहभागिताभन्दा बाहिर गएर प्रमुख राष्ट्रिय परियोजनाहरूको नेतृत्व गरिरहेका छन् भनी बताउनु भएको छ। उहाँले पहिले पुरुषहरूको वर्चस्व रहेको वैज्ञानिक क्षेत्रहरूमा अहिले नेतृत्व लिने प्रतिभाशाली महिलाहरूको आगमन देखिँदैछ। डा. सिंहले नयाँ दिल्लीस्थित राष्ट्रिय भौतिक प्रयोगशालामा अन्तर्राष्ट्रिय महिला दिवस २०२५ समारोहलाई सम्बोधन गर्दै यो कुरा बताउनु भएको छ।

****** ० ******

**श्रम पोर्टल**

श्रम मन्त्रालयले अनलाइन प्लेटफर्म प्रयोग गर्ने कुनै पनि संस्थासँग काम गर्ने श्रमिकहरूलाई **आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना-एबीपीएमजेवाई**को फाइदा लिन ई-श्रम पोर्टलमा आफूलाई दर्ता गर्न अनुरोध गरेको छ। योजनाले देशका ३१ हजारभन्दा बढी सार्वजनिक तथा निजी प्यानल गरिएका अस्पतालहरूमा दोस्रो र तृतीय हेरचाह सेवाहरूको लागि प्रति परिवार प्रति वर्ष ५ लाख रुपियाँको कभरेज प्रदान गर्दछ। देशको अर्थतन्त्रमा गिग र अनलाइन प्लेटफर्महरूमार्फत श्रमिकहरूले रोजगारी पाउने योगदानलाई मान्यता दिँदै, केन्द्रीय बजेटमा ई-श्रम पोर्टलमा दर्ता, परिचय पत्र जारी गर्ने र स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ।मन्त्रालयले भनेको छ कि गिग र अनलाइन प्लेटफर्म अर्थतन्त्र विस्तार भइरहेको छ, जसले राइड सेयरिङ, डेलिभरी, रसद र व्यापार सेवा जस्ता क्षेत्रहरूमा नयाँ रोजगारीका अवसरहरू सिर्जना गरिरहेको छ। नीति आयोगका अनुसार भारतको गिग अर्थतन्त्रले १ करोडभन्दा बढी श्रमिकहरूलाई रोजगारी दिने अनुमान गरिएको छ र २०२९-३० सम्ममा कार्यबल २ करोड ३५ लाख पुग्ने अपेक्षा गरिएको छ।

****** ० ******

**दिल्ली महिला समृद्धि योजना**

दिल्ली सरकारले गरिब महिलाहरूलाई २५०० रुपियाँ दिने महिला समृद्धि योजनालाई अनुमोदन गरेको छ। दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले हिजो राजधानीमा पत्रकार सम्मेलनमा यो घोषणा गर्नु भयो। उहाँले भन्नु भयो, अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हिजो दिल्ली सरकारको मन्त्रिपरिषद् बैठक बसेको थियो जसमा यो योजनालाई अनुमोदन गरिएको थियो। मुख्यमन्त्रीले यो योजना कार्यान्वयन गर्न पाँच हजार एक सय करोड रुपियाँको बजेट व्यवस्था गरिएको बताउनु भएको छ। उहाँले भन्नु भयो, उहाँको अध्यक्षतामा एक समिति गठन गरिएको छ जसमा दिल्ली सरकारका मन्त्रीहरू आशिष सूद, परवेश वर्मा र कपिल मिश्रा पनि छन्। मुख्यमन्त्रीले महिला समृद्धि योजनाको दर्ता प्रक्रिया सुरु गर्न चाँडै नै एउटा पोर्टल खोलिने बताउनु भयो।

****** ० ******

**भारत-अमेरिका**

भारतले हालैका द्विपक्षीय व्यापार सम्झौताहरू अन्तर्गत अष्ट्रेलिया, युएई, स्विट्जरल्याण्ड र नर्वे जस्ता विकसित देशहरूमा लगाइएको औसत शुल्कमा उल्लेखनीय कमी ल्याएको छ। स्रोतका अनुसार युरोपेली संघ र ब्रिटेन लगायत अन्य साझेदार देशहरूसँग पनि यस्तै वार्ता भइरहेको छ। अमेरिकासँग पनि यस्तै छलफल भइरहेको छ।यस वर्षको फरवरीमा भारत र अमेरिकाले यस वर्षको अन्त्यसम्ममा पारस्परिक बहु-क्षेत्रीय द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरणको वार्ता गर्न सहमत भएका थिए। प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वार्ता अगाडि बढाउन वरिष्ठ प्रतिनिधिहरूलाई मनोनयन गर्न सहमति जनाए। त्यसपछि, वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलको नेतृत्वमा रहेको भारतीय प्रतिनिधिमण्डलले यस हप्ता वाशिंगटनको भ्रमण गर्‍यो र अमेरिकी वाणिज्य सचिव र अमेरिकी व्यापार प्रतिनिधिलाई भेट्यो।

****** ० ******

**महाराष्ट्र-पतंजलि फूड पार्क**

केन्द्रीय मन्त्री नितिन गडकरी र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले आज बिहान नागपुरको मिहानस्थित विशेष आर्थिक क्षेत्रमा पतञ्जलि मेगा फूड एण्ड हर्बल पार्कको उद्घाटन गर्नेछन्।पतञ्जलि आयुर्वेदका प्रबन्ध निर्देशक आचार्य बालकृष्णले यो पतञ्जलिले स्थापना गरेको एसियाकै सबैभन्दा ठूलो सुन्तला प्रशोधन प्लान्ट हुने बताउनु भएको छ। यस प्लान्टले प्रति दिन ८०० टन सिट्रस फलफूल प्रशोधन गर्न सक्छ जसमा विदर्भ क्षेत्रमा उब्जाउने विभिन्न प्रकारका सिट्रस फलफूलहरू समावेश छन्।सुन्तलाको रसको लागि सिट्रस फलफूल प्रशोधन गर्नुको साथै प्लान्टले सुन्तलाको बोक्राबाट बनेको सौन्दर्य प्रसाधन र सुन्तलाको गुदीबाट बनेको सुन्तलाको बर्फी जस्ता खाद्य वस्तुहरू पनि उत्पादन गर्नेछ। पतञ्जलि समूहले आशा गरेको छ कि यो मेगा हर्बल र फूड पार्कले विदर्भका किसानहरूलाई धेरै फाइदा पुर्‍याउनेछ। यहाँ केचप, अचार र फलफूलको जाम जस्ता खाद्य पदार्थहरू पनि उत्पादन गरिनेछ।

****** ० ******

**नौसेना प्रमुख - मिडिया कन्क्लेभ**

भारतीय वायुसेना प्रमुख एयर चिफ मार्शल ए.पी. सिंहले भन्नु भयो, भारतीय पारिस्थितिक प्रणालीले त्यस्तो स्तरमा पुग्नु आवश्यक छ जहाँ भारतमा नयाँ प्रविधिको विकास हुन्छ र अन्य देशहरूले यसलाई पछयाउँछन्।हिजो 'इन्डिया टुडे कन्क्लेभ' मा बोल्नु हुँदै वायुसेना प्रमुखले भन्नु भयो, वर्तमान द्वन्द्वबाट एउटा पाठ यो हो कि लामो समयसम्म चल्ने युद्धको लागि तयार हुनुपर्छ। उहाँले आधुनिक युद्धमा प्रविधिको, विशेष गरी मानवरहित हवाई सवारी साधनको बढ्दो भूमिकालाई जोड दिनु भयो।

****** ० ******

**च्याम्पियन्स ट्रफी क्रिकेट फाइनल**

बईमा जारी आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेटको फाइनलमा आज भारतले न्युजिल्याण्डको सामना गर्दैछ। यो खेल भारतीय समय अनुसार दिउँसो २:३० बजे शुरु हुनेछ। भारतले यस प्रतियोगितामा अहिलेसम्मका सबै खेल जितेको छ र समूह चरणको खेलमा न्युजिल्याण्डलाई ४४ रनले पराजित गरेको थियो।

****** ० ******

**महिला प्रिमियर लिग-क्रिकेट**

महिला प्रिमियर लिग क्रिकेटमा, युपी वारियर्सले हिजो लखनउमा रोयल च्यालेन्जर्स बैंगलोरलाई १२ रनले पराजित गर्‍यो। यो हारसँगै डिफेन्डिङ च्याम्पियन बेंगलुरु प्रतियोगिताबाट बाहिरिने दोस्रो टोली बनेको छ।

****** ० ******